# जिल्ला समन्वय समिति, लमजुङको आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन एवम् आगामी आ.व.को कार्यक्रमगत तथा नीतिगत प्राथमिकताहरू


**प्रस्तुत कर्ता :**
श्री पूर्ण बहादुर गुरुङ
जि.स.स. प्रमुख


मिति : २०८३/०३/२३

**आदरणीय जिल्ला सभा सदस्य ज्यूहरू,**

लमजुङ जिल्लाको नवौं जिल्ला सभाको बैठकमा सभा अध्यक्षको हैसियतले वार्षिक प्रगति प्रतिवेदन एवम् जिल्ला सभाको नीति, कार्यक्रम तथा प्राथमिकता प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महसुस गरेको छु ।

नेपालमा विभिन्न कालखण्डमा भएका लोकतन्त्र, स्वतन्त्रता र परिवर्तनका आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात-अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। वेपत्ताहरूको स्मरण गर्दै घाइते हुनुभएका सम्पूर्ण योद्धाहरूको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु ।

नवौं जिल्ला सभामा उपस्थित सम्पूर्ण जिल्ला सभा सदस्य ज्यूहरूमा जिल्ला समन्वय समिति, लमजुङको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

नेपालको संविधानले राज्यको मूल संरचना तीन तहको हुने व्यवस्था गरी गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई स्थानीय तहको रूपमा परिभाषित गरेको छ।

नेपालको संविधानको धारा २२०, स्थानीय सरकार संचालन ऐन,२०७४, गण्डकी प्रदेशको स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७५ लगायतका विभिन्न ऐन, नियम, निर्देशिका र कार्यविधिले निर्देशित गरे बमोजिम जिल्ला समन्वय समितिले आफ्नो कार्य सम्पादन गर्दै आएको छ।

जिल्ला समन्वय समिति, लमजुङले आर्थिक वर्ष २०८२/०८३ मा गरेको मुख्य-मुख्य कार्य प्रगति एवम् खर्चको विवरण यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु।

## १. चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा खर्चको अवस्था :

आर्थिक वर्ष २०८२/८३ मा जिल्ला समन्वय समितिको कार्यालय, लमजुङलाई नेपाल सरकारबाट सुरु विनियोजित बजेट रू.१ करोड ६१ लाख ६२ हजार र सामाजिक विकास कार्यक्रमको अनुगमन अनुदानमा रू. ५० हजार र गण्डकी प्रदेश सरकारबाट गाउँपालिका तथा नगरपालिकावीच समन्वय तथा विकास निर्माणका कार्यको अनुगमन तथा तीनै तहका कार्यालयबीच समन्वयको लागि रू. १० लाख सशर्त अनुदान गरी कुल बजेट १ करोड ७२ लाख १२ हजार विनियोजन भएकोमा हाल सम्म रू कुल खर्च १ करोड ५१ लाख ४२ हजार ९३७ भई चालु आ.व.को हालसम्मको कुल वित्तीय प्रगति ८७.९८ प्रतिशत भएको जानकारी गराउन चाहन्छु।

संघ तथा प्रदेश सरकारबाट कुनै पनि पूँजीगत प्रकृतिका कार्यक्रमको लागि बजेट विनियोजन नभएको समेत जानकारी गराउन चाहन्छु।

## २. जिल्ला समन्वय समितिको मौज्दात कोषः

आठौं जिल्ला सभाको निर्णय बमोजिम स्थानीय तहहरूमा योजनाको लागि बजेट विनियोजन तथा जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिले विभिन्न आर्थिक वर्षहरूमा निर्णय गरी खर्च गरे पश्चात हाल रु २ करोड ३९ लाख ७४ हजार ४० रुपैया मौज्दात रहेको जानकारी गराउन चाहन्छु।

## ३. आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन र बेरूजु विवरणः

यस कार्यालयको आम्दानी, खर्च, राजस्व, विविध, धरौटी, जिन्सी, जनशक्ति व्यवस्थापन तथा आ.व. २०८१/०८२ मा सञ्चालित कार्यक्रमको अन्तिम लेखापरीक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ। उक्त प्रतिवेदनमा कुनै बेरुजु कायम नभएको व्यहोरा उल्लेख छ ।

## ४. आगामी आ.व. २०८३/०८४ को अनुमानित आय र व्ययको विवरणः

आगामी आ.व.मा जिल्ला समन्वय समितिको कार्यालय, लमजुङलाई नेपाल सरकार चालु आ.व.को अनुपातमै बजेट प्राप्त हुने अनुमान गरिएको छ। प्राप्त हुने बजेटलाई जिल्ला समन्वय समितिले बाँडफाँट गरी खर्च गर्नेछ।

## ५. जिल्ला समन्वय समितिको स्वीकृत दरबन्दी र कर्मचारी विवरणः

नेपाल सरकारबाट स्वीकृत दरबन्दी संरचना अनुसार जिल्ला समन्वय समितिको कार्यालयमा जिल्ला समन्वय अधिकारी, शाखा अधिकृत, ईन्जिनियर, नायव सुब्बा, सब-ईन्जिनियर, लेखापाल र खरिदार १/१ जना, जिल्ला समन्वय समिति प्रमुखको निजि सचिवालयमा नायब सुब्बा सरहको -१ जना, कार्यालय सहयोगी - ३ जना, हलुका सवारी चालक - २ जना गरी जम्मा १३ जना कर्मचारीको दरबन्दी रहेको छ। जसमध्ये हाल लेखापालको दरबन्दीमा पदपूर्ति नभएकोले आर्थिक प्रशासन सम्बन्धि कार्य कोष तथा लेखा नियन्त्रक कार्यालय, लमजुङबाट खटाइएका लेखापालबाट हुँदै आएको छ। अन्य दरबन्दीमा पदपूर्ति भएको अवस्था छ।

## ६. वार्षिक समीक्षा कार्यक्रम तथा स्थानीय तहका असल अभ्यास सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रमः

लमजुङ जिल्लाका सरकारी कार्यालयहरूबाट आर्थिक वर्ष २०८१/८२ सम्पादन र सञ्चालन भएका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी वार्षिक समीक्षा कार्यक्रम तथा स्थानीय तहका असल अभ्यास सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रम २०८२ असोज २७ गते सम्पन्न गरिएको थियो।

गण्डकी प्रदेशका माननीय आर्थिक मामिला मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा संघीय संसद र प्रदेश सभामा जिल्लाबाट प्रतिनिधित्व गर्ने माननीय सांसदज्यूहरूको उपस्थिति रहेको थियो।

जिल्लास्थित संघ, प्रदेशका कार्यालयहरू र सवै स्थानीय तहहरूले आ-आफ्नो कार्यालयको भौतिक तथा वित्तीय प्रगति, आयोजना कार्यान्वयनमा विद्यमान समस्या तथा चुनौती प्रस्तुत गरेका थिए।

स्थानीय तहहरूले सम्पादन गरेका असल अभ्यासको आदानप्रदान समेत उक्त कार्यक्रममा भएको र उक्त असल अभ्यासहरूलाई जिल्ला समन्वय समितिको कार्यालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष प्रस्तुत गरिसकेको छ।

## ७. <u>समन्वय, अनुगमन तथा मूल्यांकन</u>

- जिल्ला समन्वय समिति, लमजुङले आफ्नो संवैधानिक र कानुनी क्षेत्राधिकार भित्र रही जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन, जिल्लामा रहेका संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका, नगरपालिकाबीच समन्वय तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम, योजनाको अनुगमन तथा समन्वय र सहजीकरण गर्दै आएको छ।
- वार्षिक प्रगति समीक्षामा प्रस्तुत भएका समस्याग्रस्त आयोजना तथा कार्यक्रमको जिल्ला समन्वय समितिले कार्ययोजना बनाई अनुगमन गर्दै आएको छ। यसका अतिरिक्त तीनै तहका कार्यालयबाट सञ्चालित आयोजना तथा विकास निर्माण कार्यको अनुगमन निरन्तर भईरहेको छ।
- जिल्लाको विकास निर्माण र सेवा प्रवाहमा देखिएका समस्या तथा चुनौतीहरू एवं नागरिक स्तरमा उठेका गुनासाहरू समाधान तथा सम्बन्धित निकायहरूसँगको समन्वयलाई प्रभावकारी बनाउन स्थानीय तहमा घुम्ती समन्वय बैठकको सुरुवात गरिएको छ।
- जिल्लामा रहेका प्रदेश सरकारी कार्यालयहरूसँग समन्वय बैठक बसी योजना कार्यान्वयन, अनुगमन तथा समन्वयलाई थप प्रभावकारी बनाउन पहल गरिएको छ।
- ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वको जिल्ला अनुगमन समितिले स्थानीय तहहरूबाट भइरहेको ढुङ्गा, गिट्टी,, बालुवाको उत्खनन, संकलन तथा व्यवस्थापन एवम जिल्लामा सञ्चालित क्रसर उद्योगको अनुगमन गरी आवश्यक निर्देशन दिइएको छ।

## ८. <u>कार्यालय भवनको मर्मत सम्भार र निर्माण सम्बन्धी कार्य</u>

जिल्ला समन्वय समिति, लमजुङको कार्यालय भवनको बाहिरी तथा केही भित्री भाग, सभाहल लगायत कार्यालय परिसरको रङरोगन, कार्यालय भवन पछाडि वर्षाका कारण पहिरो गई क्षति भएकाले सो स्थानमा ग्याबिन वाल लगाउने काम लगायतका मर्मत सम्भारका कार्य तथा शौचालय निर्माण कार्य सम्पन्न गरिएको छ । कर्मचारी आवास भवन मर्मतको कार्य सघन सहरी तथा भवन निर्माण आयोजना

गोरखा मार्फत गरिएको छ। सभाहल मर्मतको लागि लागत अनुमान तयार गरी मर्मतका लागि सघन सहरी तथा भवन निर्माण आयोजना गोरखामा अनुरोध गरिएकोमा सामान्य मर्मत सम्भारको कार्य मात्र आगामी आ.व. मा गर्न सकिने जानकारी प्राप्त भएको छ।

## ९. अन्तर जिल्ला समन्वय र असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रमः

गण्डकी प्रदेश अन्तर्गतका जिल्ला समन्वय समितिहरूसँग समन्वय, सहजीकरण र विकास निर्माण लगायतका कार्यहरूमा अपनाइएका विधि, प्रकृया र असल अभ्यास एवं अनुभव आदान प्रदान गर्ने उद्देश्यले अन्तर जिल्ला असल अभ्यास आदानप्रदान कार्यक्रम हुँदै आएका छन्।

## १०. स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) मार्फत स्थानीय तहहलाई पृष्ठपोषणः

विगतमा कार्यान्वयनमा रहेका LISA, FRA, LED लाई एकीकृत गरी निर्माण भएको स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) सम्बन्धमा स्थानीय तहलाई अभिमुखीकरण तथा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराइएको छ। उक्त प्रणाली मार्फत स्थानीय तहको स्वमूल्यांकनको नतिजा उपर प्रमाण र कागजात अध्ययन गरी पृष्ठपोषण प्रदान गरिएको छ। हाल मूल्यांकनको अन्तिम नतिजा मन्त्रालयबाट तयारीको चरणमा रहेको छ।

## ११. सम्पादित अन्य कार्यहरूः

- जिल्ला समन्वय समितिको कार्यालय लमजुङको नाममा रहेको बा १ झ ६७२० नम्बरको चारपाङ्ग्रे हलुका सवारी आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशलाई हस्तान्तरण गरिएको छ।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त अधिकार प्रत्यायोजन बमोजिम जिल्लाका स्थानीय तहका कर्मचारीहरूको वार्षिक कार्य सम्पादन मूल्यांङ्कनको कार्य जिल्ला समन्वय समितिको कार्यालयबाट सम्पन्न हुँदै आएको छ।
- संविधान दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस र गणतन्त्र दिवस लगायतका विभिन्न दिवसहरूमा जिल्लास्तरीय कार्यक्रमहरू आयोजना तथा संचालन गर्न जिल्लास्थित सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ-संस्थाहरूबीच समन्वय, सहकार्य र सहजीकरण गरिएको छ।
- गण्डकी प्रदेश सभासँगको समन्वयमा जिल्ला स्थित स्थानीय तहका न्यायिक समितिका प्रमुख, न्यायिक सहजकर्तासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

- मुद्रण विभागसँगको सहकार्यमा स्थानीय तहहरूलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- युवा, श्रम तथा रोजगार मन्त्रालयसँगको समन्वयमा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूलाई बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- आ.व. २०८२/०८३ मा बालमैत्री स्थानीय शासनयुक्त वडा र पोषणमैत्री वडा घोषणाको लागि जिल्लास्तरीय अनुगमन समितिले अनुगमन गरी बेसीशहर नगरपालिका वडा नं.३ र ५ लाई बालमैत्री वडा घोषणा र सुन्दरबजार नगरपालिका वडा नं. ६ र १० लाई बालमैत्री तथा पोषणमैत्री वडा घोषणाको गर्नको लागि सिफारिस प्रदान गरिएको छ।
- आ.व. २०८२/०८३ मा जिल्ला समन्वय समिति, लमजुङको विभिन्न १३ वटा बैठकले गरेका निर्णयहरू कार्यान्वयन गरिएका छन्।
- लमजुङ जिल्लालाई पूर्ण खोप सुनिश्चतता तथा दिगोपना जिल्ला घोषणाको लागि जिल्लाका सबै स्थानीय तहहरू तथा सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय, सहकार्य, सहजीकरण गरिएको र घोषणाको कार्य समेत सम्पन्न भएको छ।

**आदरणीय जिल्ला सभा सदस्यज्यूहरू,**

अब म जिल्ला समन्वय समितिले जिल्लाको सन्तुलित विकास तथा समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षमा अवलम्बन गर्ने नीतिगत प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु।

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनले तोके बमोजिम जिल्ला समन्वय समितिको भूमिका प्रभावकारी बनाउन संघ तथा प्रदेश सरकारसँग पैरवी गरिनेछ तथा आवश्यक कानुन निर्माणको लागि प्रदेश सरकारसँग पहलकदमी गरिनेछ।

२. तीनै तहका सरकारी निकायहरूबीच विकास, सुशासन र सेवा प्रवाहका विषयमा अन्तर निकायगत सहकार्य एवम् समन्वयलाई प्राथमिकता दिइनेछ।

३. जिल्ला स्थित सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको जिल्ला समन्वय समितिबाट गरिने अनुगमन तथा समन्वय सम्बन्धी कार्यलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाउन यसै सभाबाट कार्यविधि स्वीकृत गरी लागू गरिनेछ।

४. तीनै तहका सरकारी कार्यालय तथा गैरसरकारी संस्थाबाट सञ्चालित विकास र निर्माणको अनुगमनका लागि आगामी आर्थिक वर्षको सुरुमा अनुगमन कार्ययोजना निर्माण गरी नतिजामुखी अनुगमन मूल्यांकन प्रणाली कार्यान्वयनमा लगिनेछ।

५. नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री वितरणको नियमित अनुगमनको लागि जिल्ला अनुगमन समितिको सक्रियता अभिवृद्धि गरिनेछ। अवैध क्रसर उद्योगको कानुन बमोजिम नियमन गर्न तथा नदीजन्य पदार्थको दोहन तथा अवैध चोरी निकासी नियन्त्रण गर्न स्थानीय तह तथा सुरक्षा निकायसँग सहकार्य गरिनेछ।

६. जिल्लाको पूर्वाधार विकास, पर्यटन प्रवर्द्धनका लागि स्थानीय तह, गण्डकी प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ।

७. प्रदेश अस्पताल, लमजुङको भवन निर्माण तथा सेवा सुदृढीकरणका लागि प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।

**आदरणीय जिल्ला सभाका सदस्यज्यूहरू,**

८. जिल्लामा सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालन हुने कार्यक्रमका लागि प्रयोग हुँदै आएको जिल्ला समन्वय समितिको सभाहलको मर्मत तथा आधुनिकीकरण गरी सञ्चालन गर्न सघन सहरी तथा भवन निर्माण आयोजना गोरखालाई अनुरोध गरिएको छ। यस कार्यमा सबै स्थानीय तहहरूको सहयोगको समेत अपेक्षा राखेको छु।

९. जिल्ला समन्वय समितिको कार्यालयलाई जिल्लाको सूचना तथा अभिलेख केन्द्रको रूपमा विकास गर्दै लगिनेछ।

१०. स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिका लागि संघीय सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय गरिनेछ। स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) मा उत्कृष्ठ अंक प्राप्त गर्ने नगरपालिका र गाउँपालिकालाई पुरस्कृत गरी प्रोत्साहन गरिनेछ।

११. स्थानीय तहबीच असल अभ्यास आदानप्रदान कार्यक्रम तथा तीनै तहका सरकारी कार्यालयबीचको समन्वय बैठक एवम अन्तर जिल्ला असल अभ्यास आदान प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. आगामी आर्थिक वर्षमा जिल्लाको सन्तुलित विकासको अध्ययन गरी प्रतिवेदन तयार गरिनेछ र जिल्लाको विकासमा सन्तुलन कायम गर्न संघीय सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव प्रदान गरिनेछ।

१३. विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय गरिनेछ।

१४. नेपाल सरकारले स्वीकृत गरेको गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ बमोजिम जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा अध्ययन समिति रहने र उक्त समितिको सचिवालय जिल्ला समन्वय समितिको कार्यालयमा रहने व्यवस्था सदस्यज्यूहरूलाई अवगत गराउन चाहन्छु। उक्त समितिले छिटै कार्य प्रारम्भ गर्ने र राजनीतिक दल, नागरिक समाज, आम सर्वसाधारणको सुझाव समेतलाई समेटी अध्ययन प्रतिवेदन तयार गरिने जानकारी सदस्यज्यूहरूलाई गराउन चाहन्छु।

**आदरणीय जिल्ला सभाका सदस्यज्यूहरू,**

यस गरिमामय सभामा अर्थपूर्ण सहभागिताको लागि यहाँहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै लमजुङ जिल्लाको समृद्धिको अभियानमा अनवरत सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद ।

**पूर्ण बहादुर गुरुङ,**

**प्रमुख,**

**जिल्ला समन्वय समिति, लमजुङ**

**२३ असार २०८३**